# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम)
## ६ नं. प्रदेश, नेपाल

फोन नं. :९७४८५८३१३८
email : aathbiskotmun073@gmail.com


प.स. :२०७४/०७५
च.नं. : १००५

मिति :२०७५/०२/२५

विषय :- बोलपत्र स्वीकृत तथा सम्झौता सम्बन्धमा ।

श्री मुनामदन अटो वर्कसप,

मुसिकोट नगरपालिका, रुकुम पश्चिम) ।

प्रस्तुत विषयमा क्याटलग सपिङ विधिबाट मोटरसाइकल खरिद सम्बन्धमा मिति २०७५/०१/०७ (पहिलो पटक) र मिति २०७५/०१/२४ (दोस्रो पटक) गते प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका प्रस्तावहरु मिति २०७५/०२/१३ गते खोली मूल्यांकण समितिमा पेश भई मूल्याकंण समितिले उक्त प्रस्तावहरुको प्राविधिक, आर्थिक र व्यापारिक पक्षको मूल्यांकण गरी दिएको प्रतिवेदनको आधारमा मिति २०७५/०२/१६ गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भईसकेको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) मा "बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेको सात दिनभित्र कुनै बोलपत्रदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ ।" भनि उल्लेख गरिएको छ ।

तसर्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएको अवधिभित्र उक्त सूचना सम्बन्धमा कुनै निवेदन नपरेकोले "क्याटलग सपिङ विधिबाट तीन थान मोटरसाइकल" खरिद सम्बन्धि ठेक्का नं. ०९/०७४/७५, मूल्य अभिवृद्धि कर लगायत बोलपत्रमा उल्लेख भएको खर्च सहित कवोल अङ्क रू. ६,५८,८००/- (छ लाख अन्ठाउन्न हजार आठ सयमात्र) भएको तपाईको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही प्रस्ताव भएकोले उक्त प्रस्ताव स्वीकृत गरिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) बमोजिम कूल कवोल अङ्कको पाँच प्रतिशत कार्यसम्पादन जमानत सहित ऐ ऐनको दफा २७ को उपदफा (३) मा उल्लेख भएको अवधिभित्र सम्झौता गर्न आउनु हुन अनुरोध छ ।

..........................

(रामबहादुर के.सी.)

नि. प्रमुख प्रशासकीय अधिकृत